REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs.   Date: 08.09.2025

नेपाल – ओली

नेपालका प्रधानमन्त्री के. पी शर्मा ओलीले भ्रष्टाचार र कुशासन विरूद्द युवाहरूको देशव्यापी प्रदर्शनहरूको बेला उन्नाईस जनाको मृत्यु अनि 300 भन्दा बढि मानिसहरू घाईते भए पछी आफ्नो पदबाट राजीनामा दिनुभएको छ। राष्ट्रपति रामचन्द्र पौड़ेलले राजीनामा स्वीकार गर्नु भएको छ।

सरकारले नेपालमा स्थिति सामान्य हुनसम्म भारतीय नागरिकहरूलाई त्यहाँको यात्रा न गर्ने सल्लाह दिएकोछ। मद्दतका लागि सरकारले काठनांडौमा भारतीय दूतावासका हेल्पलाइन नम्बरहरू जारी गरेकोछ। ती हुन- 977 981032 6134

सरकार विरोधी प्रदर्शनहरू माझ काठमाडौंको हवाई अड्डा बन्द भएकोले गर्दा AIR INDIA , INDIGO लगायत कैयन विमानन कम्पनीहरूले दिल्लीबाट आउने उड़ानहरू रद्द गरेकोछ। प्रभावित यात्रीहरूलाई आफ्नो यात्रा पुर्ननिर्धारित गर्ने अथवा आधिकारिक वेवसाइट मा गएर Refund को हावी गर्ने परामर्श दिएकोछ।

मिजोराम- प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदी शनिबार 13 सेप्टेम्बर मिजोरमको भ्रमणमा जाने कार्यक्रमछ।उहाँले आइजोलमा आयोजित एक सार्वजनिक सभामा 51.38 किलोमीटर लामो नवनिर्मित बैराबी सैराँग रेलवे लाईनको उद्धाटन गर्नुहुनेछ। यो उद्धाटनले आईजोललाई रेलवेसंग जोड़िने उत्तर पूर्वी राज्यहरूको चौथो राजधानी शहरको रूपमा चिताउनेछ। श्री मोदीले सोही दिन आईजोल

दिल्ली राजधानी एक्सप्रेस ( आनन्द बिहार टर्मिनल) आईजोल कोलकाता एक्सप्रेसलाई पनि झण्डा देखाई शुभारम्भ गर्नुहुनेछ भने दुई नयाँ शैक्षिक संस्थानहरूको उद्धाटन अनि छः वटा नयाँ विकास परियोजनाहरूको समेत उद्धाटन गर्नुहुनेछ।

प्रधानमन्त्रीको भ्रमण संबधी तयारीहरूको समीक्षा गर्न, आज मुख्यमन्त्री लालदुहोमाले एक बैठकको अध्यक्षता गर्नुभयो।

स्टेट बैंक अफ सिक्किम

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले स्टेट बैंक अफ सिक्किम(SBS) ँको 58 (अन्ठावनौं) स्थापना दिवसको ऐतिहासिक अवसरमा आज सिक्किम सरकारको तर्फबाट सम्पूर्ण एसबिएस परिवारलाई हार्दिक बधाई र शुभकामना दिनुभएकोछ। उहाँले भन्नुभयो 2019 मा उहाँले पदभार ग्रहण गरे देखि एसबिएस ले स्तरमा आनि सेवा प्रदान गर्नमा उल्लेखनीय रूपान्तरण गरेकोछ र पहिले भन्नदा बलियो अनि बढ़ि जन केन्द्रित वित्तीय संस्थाको तवरमा उद्यीमान भईरहेकोछ। एसबिएस ले सिक्किमका नागरिकहरूका लागि एक विश्वासनीय वित्तीय साझेदारको रूपमा आफ्नो भूमिकालाई अझ बलियो बनाउनेछ भन् श्री तामाङले विश्वास व्यक्त गर्नुभयो।

ICMR FOOD – गान्तोक

उत्तर पूर्वी भारतबाट खाद्यजन्य रोग जनकहरूको निगरानी (एफबिपी) शीर्षक भएको ICMR – FOOD NET कार्यदल परियोजनाको वार्षिक समीक्षा बैठक आज सिक्किम मणिपाल चिकित्सा विज्ञान संस्थान (SMIMS) गान्तोकमा शुरूभयो आज र भोलि हुने दुई दिने बैठकले यस महत्वपूर्ण राष्ट्रीय पहल अन्तर्गत चरण एक र चरण दुईको प्रगतिको समीक्षा गर्नु उत्तरपूर्वी राज्यहरूका सहभागी फुडनेट केन्द्रहरू संगै देशभरका अग्रणी वैज्ञानिकहरू चिकित्सा विशेषज्ञहरू र नीति निर्माताहरूलाई एकसाथ ल्याउँछ।उत्तर पूर्वी क्षेत्रको ICMR FOOD

NET परियोजाको लक्ष्य राष्ट्रीय खाद्य सुरक्षा निगरानीलाई सुदृढ पार्नु र नीति निर्माणका लागि प्रमाण आधारित मार्गदर्शन प्रदान गर्नु हो।

आदि कर्मयोगी अभियान – मंगन

धात्री आबा जनजातीय ग्राम उत्कर्ष अभियान अन्तर्गत आदि कर्मयोगी- उत्तरदायी शासन संबधी जिल्ला स्तरीय अभिमुखीकरण आज जिल्ला प्रशासनिक केन्द्र, मंगनमा उप- विभागीय मैजिस्ट्रेट मंगन- सन्दीप कुमारको अध्यक्षतामा संपन्नभयो।

आदिवासी मामिला मन्त्रालयको नेतृत्वमा रहेको आदि कर्मयोगी अभियान, विकेन्द्रीकृत आदिवासी नेतृत्व र शासन निर्माण गर्ने राष्ट्रीय आन्दोलन हो।

पाकिम – PMKVY

दस दिने विशेष जागरूकता अभियानको एक भागको रूपमा सिक्किमको पाकिम जिल्लाको पाचे वरिष्ठ माध्यमिक विद्यालयमा आज प्रधानमन्त्री कौशल विकास योजना ( PMKVY)  र उच्च शिक्षा, व्यावसायिक तालिम र सीप विकास मार्फत महिला सशक्तिकरण सम्बन्धी जागरूकता कार्यक्रम सफलतापूर्वक सम्पन्नभयो।